# करैयामाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## करैया, बारा


**स्थानीय राजपत्र**

खण्डः ७ | संख्याः २ | मितिः २०८०/०९/२९


भाग — १

# करैयामाई गाउँपालिकाको
# विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, २०८०

# करैयामाई गाउँपालिकाको विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, २०८०

**सभाबाट पारित मितिः २०८०/०९/२६**

**प्रस्तावनाः**

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४२ को समानताको हक सम्बन्धी व्यवस्थाको उपधारा स्थाको उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायको नागरिकको संरक्षण उत्थान, सशक्तिकरण तथा विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भन्ने उल्लेख छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को पालिकाको काम, कर्तव्य र अधिकार क्षेत्र भित्र सामाजिक सुरक्षा र गरिबी न्यूनिकरण अन्तर्गत स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन गर्न सक्ने उल्लेख गरिएकाले आर्थिक रुपले विपन्नता भएका परिवारको पालन पोषण, हेरचाह, शिक्षा, स्वास्थ्य उपचार तथा संरक्षणका साथै विपद्मा परेका विपन्न व्यक्ति तथा परिवारका लागि आर्थिक सहायता स्वरुप सहयोग उपलब्ध गराउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम करैयामाई गाउँसभाको मिति २०८०।०९।२६ को निर्णयबाट यो विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, २०८० जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक (नाम र परिभाषा)

१. संक्षिप्त नाम र प्रारम्भः

  १. यस कार्यविधिको नाम "विपन्न वर्ग आर्थिक सहायता कार्यविधि, २०८०" रहेको छ ।

  २. यो कार्यविधि करैयामाई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय प्रसङ्गले अर्को अर्थ नलागेमा,

  १. आर्थिक रुपले विपन्न भन्नाले दैनिक जिवनयापन गर्न कठिनाई भएका आर्थिक रुपले विपन्न परिवार वा व्यक्ति सम्झनुपर्छ ।

  २. जोखिममा परेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, असहाय जेष्ठ नागरिक एकल महिला, हिंसा पीडित तथा प्रभावित व्यक्ति, मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित भएका व्यक्ति, द्वन्द पीडित व्यक्ति, यौन दुर्व्यवहार र शोषणमा परेका, सडक जीवन जीउन बाध्य भएका, जोखिमपूर्ण व्यवसाय वा कामबाट उद्धार गरिएका, दैनिक जीवनयापनका लागि व्यवसाय स्थापनार्थ रकम अभाव भै आर्थिक सहायता आवश्यकता भएका व्यक्ति सम्झनुपर्छ ।

  ३. "विपन्न परिवार" भन्नाले नेपाल सरकारको प्रचलित कानुन र नीति अनुसार विपन्न परिवार मानिएका परिवार वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको सम्बन्धित वडा समितिले विपन्न परिवार हो भनी सिफारिस गरिएका परिवार वा व्यक्तिलाई समेत जनाउँछ ।

  ४. "वडा समिति" भन्नाले गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य सहितको समितिलाई जनाउँछ ।

  ५. "कार्यालय" भन्नाले करैयामाई गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, करैया, बारा भन्ने जनाउँछ।

## परिच्छेद २
## उद्देश्य, औचित्य र लक्षित वर्ग

३. उद्देश्यः गाउँपालिका भित्र जोखिम अवस्थामा रहेका, विशेष स्वास्थ्य, सुरक्षा र संरक्षक आवश्यकता भएका विपन्न परिवार एवम् व्यक्तिको सहज जीवनयापन गर्नमा सहयोगी भूमिका प्रदान गर्न ।

४. औचित्यः

  १. मानव अधिकारको प्रवर्द्धन गर्न ।

२. गाउँपालिका प्रति नागरिकको अपनत्वको भाव सिर्जना गर्न ।

३. विपन्न तथा कमजोर वर्ग र आवाज विहिनहरुका लागि अभिभावकीय भूमिका रहेको महसुस गराउन।

५. लक्षित वर्गः

१. विशेष संरक्षणको आवश्यकता भएका,

२. जोखिममा परेका,

३. आर्थिक दृष्टिले विपन्न परिवार,

४. प्राकृतिक तथा मानवीय कारणबाट पीडित तथा प्रभावित,

५. दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाइले भएका,

६. मृत्युका कारण दाहसंस्कार लगायतका खर्च जुटाउन नसकेका परिवारका सदस्यहरु ।

## परिच्छेदः ३

## आर्थिक सहायता सहयोगको व्यवस्था, उपलब्ध गराउने आधार, सीमा र सिफारिस

६. गाउँपालिकाले प्रत्येक वर्ष विनियोजित स्वीकृत वार्षिक कार्यक्रम तथा अन्य स्रोतबाट प्राप्त रकमबाट आर्थिक सहायता सहयोग रकमको व्यवस्थापन गर्नेछ ।

७. आर्थिक सहायता उपलब्ध गराउने आधारहरु र सीमाः

यस कार्यविधि बमोजिम तोकिएको लक्षित वर्गलाई मात्र देहाय बमोजिमको आर्थिक सहायता मध्ये कुनै एक आर्थिक सहायता देहायको आधारमा र सीमा भित्र रहि उपलब्ध गराइनेछ ।

१. गम्भीर प्रकृतिको रोग वा घातक रोग, दुर्घटना तथा चोटपटकबाट गम्भीर घाइते भएका, गम्भीर शारीरिक वा मानसिक समस्या वा गम्भीर अपाङ्गता भएकै कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचार व्यवस्था हुन नसकेका परिवारका सदस्यहरुलाई बढीमा दश हजार रुपैया सम्म।

२. अनाथ/असहाय/अशक्त बालबालिका वा बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक समस्या भएका, अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिकाको पालनपोषण, हेरचाह, शिक्षा दिक्षा तथा संरक्षण सहयोग पाँच हजार रुपैया सम्म।

३. क्यानसर, डायलाइसिस+मैगौला प्रत्यारोपण, मेरुदण्ड पक्षघात, हेड इन्जुरी, अल्जाइमन, क्षयरोग, मुटुरोग, पारकिन्सन्स रोग भएका विपन्न तथा असहाय परिवारलाई उनिहरुको आवश्यक कागजातहरुको आधारमा अति आवश्यक देखिएकालाई गा.पा. अध्यक्षज्यूले तोक आदेशको आधारमा बढीमा रु.५०००/-(पाँच हजार मात्र) दिने।

८. सिफारिस आवश्यक हुनेः

१. सम्बन्धित वडा समितिको बैठकबाट आर्थिक रुपले विपन्न भएको भन्ने सिफारिस पत्र ।

२. गम्भीर रोगका कारण उपचाररत बिरामीको हकमा सम्बन्धित अस्पतालमा उपचार गराएको रोग खुल्ने प्रमाणित पत्र ।

## परिच्छेद ४

## आर्थिक सहायता प्राप्त गर्न आवश्यक कागजात, विधि र प्रक्रियाः

९. निवेदन दिनुपर्नेः

यस कार्यविधि बमोजिम आर्थिक सहायता सहयोग प्राप्त गर्न अनुसूची १ मा उल्लेखित निवेदन सम्बन्धित व्यक्ति स्वयम् वा बाबुआमा वा संरक्षकले लिखित रुपमा गाउँपालिकामा वा सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

१०. आवश्यक कागजात संलग्न गर्नुपर्नेः

निवेदनका साथ देहायका विवरण संलग्न गर्नुपर्नेछ ।

१. सम्बन्धित वडा कार्यालयबाट वडा समितिको बैठकको निर्णयबाट सिफारिस गरेको पत्र ।

२. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी।

३. करैयामाई गाउँपालिकामा स्थायी बसोबास खुलेको कागजात ।

४. गम्भीर रोग/जटिल प्रकृतिका दिर्घरोगी, चोटपटक लागेका विरामी भएका व्यक्तिको हकमा स्वीकृत प्राप्त चिकित्सकको सिफारिस ।

११. आर्थिक सहायता उपलब्ध गराउन सकिनेः

१. अनुसूचि १ बमोजिम प्राप्त निवेदन र दफा १० बमोजिम संलग्न कागजात सहित वडा कार्यालयबाट सिफारिस भई आएका निवेदनका आधारमा सहायता रकम उपलब्ध गराउने सम्बन्धमा गाउँपालिका स्तरिय समितिको निर्णयबाट गराउन सकिनेछ ।

२. गाउँपालिका स्तरिय सहायता समिति देहाय बमोजिम हुनेछः

i. गाउँपालिका अध्यक्ष - संयोजक
ii. गाउँपालिका उपाध्यक्ष - सदस्य
iii. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
iv. सामाजिक विकास समितिका संयोजक - सदस्य
v. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
vi. स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

१२. आर्थिक सहायता उपलब्ध गराउन नसकिनेः

यस कार्यविधि बमोजिमको सहायता करैयामाई गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास नभएका व्यक्ति वा परिवारलाई उपलब्ध गराउन नसकिने

तर कुनै गम्भीर प्रकृतिको रोग वा आकस्मिक चोटपटक लाग्न गई तत्काल उपचार खर्च नभई सहयोगको लागि अनुरोध गरेको अवस्थामा आवश्यकता जाँचबुझबाट ठहर भएका व्यक्ति, सडक बालबालिका, सडक बेसाहारा जीवन गुजारा गरिरहेका व्यक्ति र विगत ५ वर्ष देखि करैयामाई गाउँपालिका क्षेत्रभित्र बसोबास गर्दै आएका परिवारका सदस्यलाई तोकिएको मापदण्डको सीमाभित्र रहि कार्यपालिकाको निर्णय बमोजिम आपतकालीन सहयोग उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

१३. समितिको बैठक र निर्णय

१. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२. समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३. समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

४. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

५. समितिले आवश्यकताअनुसार गाउँपालिकाको कुनै दुई जना सम्म पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

६. समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

७. समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

१४. प्रतिवेदन पेश गर्नेः

१. समितिले आफूले गरेको कार्यको त्रैमासिक रुपमा तथा वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिम समितिले पेश गरेको वार्षिक प्रतिवेदन गाउँ कार्यपालिकाले सार्वजनिक गर्न सक्नेछ ।

१५. बैठक भत्ताः समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाको नियमानुसार बैठक भत्ता प्राप्त गर्नेछन् ।

१६. निर्देशन दिन सक्नेः

१. गाउँ कार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

२. उपदफा (१) बमोजिम गाउँ कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१७. प्रचलित कानुन बमोजिम हुनेः

यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. बाधा अड्काउ फुकाउन सक्नेः यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकले फुकाउन सक्नेछ ।

अनुसूची १

निवेदनको ढाँचा

मितिः २०८०।   ।

श्री करैयामाई गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
करैया, बारा ।

विषयः आर्थिक सहायता उपलब्ध गरिपाउँ ।

महोदय,

मधेश प्रदेश बारा जिल्ला करैयामाई गाउँपालिका वडा नं ...... स्थायी बसोबास गर्ने श्री ................................................ को (छोरा /छोरी /बाबु /आमा /नाति /नातिनी /श्रीमान /श्रमती) श्री ...................................................... अनाथ/असाहय/अशक्त/विपन्न परिवारको भएकोले आवश्यक कागजात सहित संलग्न राखी .......................................... को लागि वा ....................................................... रोगको उपचार भैरहेको/भएको/गर्नुपर्ने भएकोले पालनपोषण, हेरचाह, शिक्षादिक्षा, उपचार, संरक्षण तथा जीविकोपार्जनको लागि नियमानुसारको आर्थिक राहत सहयोग उपलब्ध गराइदिनु हुन अनुरोध छ । चालु आर्थिक वर्षमा यस उल्लेखित कार्य प्रयोजनका लागि कुनै निकाय वा संस्थाबाट सहयोग प्राप्त गरेको छैन वा ................................... निकाय/संस्था/व्यक्तिबाट रु ............................ सहयोग प्राप्त गरेको भए पनि अपुग हुन गएको व्यहोरा अनुरोध गर्दछु ।

**निवेदकः**
दस्तखतः
नामः
ठेगानाः
सम्पर्क नंः

**प्रमाणित गर्ने**
हस्ताक्षरः

नामः- शम्भु प्रसाद यादव
पदः- करैयामाई गाउँपालिका अध्यक्ष
प्रमाणित मितिः२०८०/०९/२९
प्रमाणित कानुन पाना(पेज) संख्याः ४(चार)मात्र

**आज्ञाले**
अनुश आचार्य
प्रमुख प्रशासकीय अधिकृत